# प्रेस विज्ञप्ती

आषाढ १७, २०७८

# सिद्धार्थ बैंकको EasyBank सुविधा

सिद्धार्थ बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई डिजिटल पद्धतिको बैंकिङ्ग सुविधा उपलब्ध गराउने उद्देश्यले र नेपाल सरकारद्वारा अघि बढाइएको Digital Nepal अभियान कार्यक्रम अनतर्गत रहि EasyBank नामको Online Platform सार्वजनिक गरेकोछ । यस EasyBank प्लाटफर्म सिद्धार्थ बैंकको आधिकारिक वेबसाइट https://www.siddharthabank.com/ मा गइ वा सोझै https://easybank.siddharthabank.com/ लिङ्क मार्फत ग्राहकहरुले प्रयोग गर्न सक्नुहुनेछ ।

यस प्लाटफर्ममा सिद्धार्थ बैंकले प्रक्षेपण गरेका विभिन्न डिजिटल सुविधाहरु एकै ठाउँमा संकलित गरिएको छ जसले गर्दा ग्राहकहरुले प्रयोग गर्न चाहनु भएका डिजिटल सुविधाहरु सहजताका साथ छनौट गर्न सक्नु हुनेछ । हाल EasyBank प्रयोग गरी ग्राहकहरुले अनलाइनबाट खाता खोल्न, डेबिट वा केडिट कार्डका लागि आवेदन दिन सकि तथा आफ्नो CRN नं हेर्न सक्नुहुनेछ ।

EasyBank सेवा जुनसुकै समय र स्थानबाट प्रयोग गर्न सकिने हुनाले अहिलेको कोभिड १९ को महामारीको अवस्थामा ग्राहकहरु सुरक्षाको दृष्टिकोणले अझ बढि लाभदायक रहेने बैंकको विश्वास रहेको छ । डिजिटल प्रविधिको सदुपयोग गर्दै ग्राहक महानुभावहरुलाई छिटो तथा सहज सुविधा उपलब्ध गराउने लक्ष्य लिइ बैंकले आगामी दिनहरुमा यस प्लाटफर्ममा अरु पनि बैंकिङ्ग सेवाहरु थप गरी यस प्लाटफमलाई अझ बढी प्रभावकारी र प्रविधिमैत्रि बनाउँदै लैजाने बैंकको उद्देश्य रहेको छ